# कमल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
तोपगाछी, झापा
१ नं. प्रदेश, नेपाल


प. स. ०७७/०७८
च. न. २५८५

मिति: २०७८/०१/२०

## सुचना जारी गरिएको सम्बन्धमा ।

विश्वभर फैलदै गईरहेको नयाँ भेरियन्टको कोभिड-१९ महामारी नेपालमा समेत फैलीएको र पछील्लो दिनहरूमा झापा जिल्लामा समेत संक्रमण तिब्र रुपमा बढी रहेको हुँदा उक्त संक्रमण को रोकथाम र नियन्त्रणका लागी संक्रामक रोग ऐन २०२० को दफा २ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ ले दिएको अधिकार प्रयोग गरी जिल्ला प्रशासन कार्यालय झापाले मिती २०७८/०१/१९ गते मध्य राती १२:०० बजे देखी मिती २०७८/०१/२६ गते राती १२:०० बजे सम्म झापा जिल्ला भर लागू हुने गरी देहाय बमोजिमको सर्बसाधारणमा सुचना जारी गरेको हुदा यस गाउँपालिका भित्र समेत प्रमुख जिल्ला अधिकारीबाट जारी भएको सुचना पालन गर्न गराउन सबै ब्यक्ति, संघ, संस्था पेशाकर्मी व्यवसायी तथा आम कमल गाउँपालिकावासीमा अनुरोध गरिन्छ ।

देहाय:-

१. सर्वसाधारणका लागी

- अत्यावश्यक काम बाहेक घरबाट बाहिर ननीस्कने ।
- नेपाल सरकारले तोकेको सामाजिक दुरी, स्वास्थ्य सुरक्षा मापदण्ड पालना गर्ने, नियमित रुपमा साबुन पानीले हात धुने, अनिवार्य माक्सको प्रयोग गर्ने र स्यानीटाईजरको प्रयोग गर्ने ।
- कुनै पनि भेला, जुलुस, सभा सम्मेलन, छलफल गोष्ठी नगर्ने ।
- हाट बजार, मेला, जात्रा,महोत्सव, पार्टि, भोज लगायत भिड भाड हुने कार्य नगर्ने नगराउने।
- अत्यावश्यक बाहेक १० बर्ष भन्दा मुनी तथा ६० बर्ष भन्दा माथीको उमेरका ब्यक्तिहरु तथा दिर्घरोगीले कुनै पनि काममा घर बाहिर आवत जावत नगर्ने ।
- Covid-19 को लक्षण देखीएमा वा त्यस्तै प्रकारका कुनै स्वास्थ्य समस्या देखिएमा तुरुन्तै नजिक को स्वास्थ्य संस्था वा स्थानीय तहमा सम्पर्क राख्ने ।

**२. कार्यालय सन्चालन सम्बन्धमा**

सरकारी कार्यालय, बैंक, बिमा एबं राष्ट्रबैंक बाट इजाजत प्राप्त सहकारी संस्थाहरुले आफ्नो कार्यालय र कर्मचारीहरुको अवस्था हेरी सम्बन्धित माथिल्लो निकायको स्वीकृति लिइ आलोपालो सेवा वा अत्यावश्यक सेवा बाहेक अन्य सेवा हाललाई स्थगित गर्ने ।

सुवास श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत




Email: info@kamalmun.gov.np Website: kamalmun.gov.np फोन नं. ०२३-४७५०८१

३. सभा सम्मेलनको हकमा

सबै प्रकार का सभा, सम्मेलन, गोष्ठि, सेमिनार, सिनेमा हल, पार्टी प्यालेस, स्विमिङ्ग पुल, मनोरन्जन स्थल, शैलुन, ब्युटी पार्लर, जिमखाना, समूहमा खेल्ने खेलकुद्, पुस्तकालय, संग्रहालय, चिडियाखाना आदी संचालन गर्न नपाईने।

४. सार्वजनिक एबं निजी सवारी साधन सन्चालनको हकमा

- सार्वजनिक एबं निजी सवारी साधन सिटी रिक्सा समेत मिती २०७८/०१/१९ गते आइतबार राती १२:०० बजे देखी मिती २०७८/०१/२६ राती १२:०० बजे सम्म कमल गा. पा. भर जोर बिजोर प्रणालीमा (जोर गते जोर नम्बर को बिजोर गते बिजोर नम्बरको सबै प्रकार को सवारी साधन ) मात्र सन्चालन गर्ने।
- अत्यावश्यक सेवाहरु जस्तै एम्बुलेन्स, खानेपानी, स्वास्थ्य, तरकारि, फलफुल, दुध तथा दुधजन्य पदार्थ, मासु तथा मासुजन्य बस्तु बोकेका सवारी साधन्, बैक, वित्तिय संस्था, दुरसंचार, इन्टरनेट, रेडक्रस, क्वारेन्टिन्, आइसोलेसन, फोहोरमैला ब्यबास्थापन, कुरियर तथा डाँक सेवा लगायत ढुवानी तथा यातायातका साधन बिषय उल्लेख गरी संचालन गर्न पाउने।

५. अत्यावश्यक खाध्य सामाग्रीको हकमा

- औषधी तथा स्वास्थ्य समाग्री सम्बन्धी पसल बाहेक अन्य पसल ब्यवसाय बिहान ६ बजे देखी बिहान ११ बजे सम्म खुल्ला गर्ने।
- डिपार्टमेन्ट स्टोरको हकमा बिहान ६ बजे देखी बिहान ११ बजेसम्म सन्चालन गर्ने।
- खाध्य सामाग्री, औषधी पसल जस्ता अत्यावश्यक सेवाका ब्यवसाय सन्चालन गर्दा नेपाल सरकारले तोकेको स्वास्थ्य मापदण्डको पूर्ण रूपमा पालना गर्ने।

६. नेपाल सरकारका कर्मचारी बैंक तथा बितिय संस्था र अन्य अत्यावश्यक सेवामा कार्यरत कर्मचारीले प्रयोग गर्ने निजी सवारी साधनका हकमा कार्यलय ले जारी गरेको परिचय पत्रको आधारमा अवत जावत गर्न दिने।

७. सन्चारकर्मी पत्रकारको हकमा सूचना संकलन तथा सम्प्रेषण गर्न सुचना बिभागले जारी गरेको परीचय पत्रको आधारमा आवत जावत गर्न दिने।

८. होटेल तथा रेष्टुरेन्टहरुले अनिवार्य स्वास्थ्य मापदण्डको पालना गरी बेलुका ८ बजे सम्म मात्र सन्चालन गर्ने। मनोरन्जन तथा सांगितिक कार्यक्रम जस्ता भिडभाड जन्य कार्यक्रम नगर्ने नगराउने।

सुवास श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

# कमल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

तोपगाछी, झापा
१ नं. प्रदेश, नेपाल

प. स. ०७६।०७७
च. न. २५८५

९. विवाह (दुलाह दुलही सहित) ब्रतबन्ध लगायत अन्य सामाजिक कार्यका लागी २५ जना भन्दा बढी नहुने गरी सहभागी हुन पाउने र उक्त कार्यका लागी पार्टी प्यालेस/होटेल प्रयोग गर्नुपर्ने भएमा जिल्ला प्रसाशन कार्यलय बाट अनुमती लिनुपर्ने ।

१०. बिवाह / ब्रतबन्ध जस्ता कार्यक्रममा सहभागी भइ अन्यन्त्र जिल्लामा जानु फर्कनु पर्ने भएमा २ वटा सवारी साधनमा बढीमा ७ जना सम्मको लागी स्थानीय तहको सिफारिश सहित जिल्ला प्रशासन कार्यालय बाट अनुमती लिनुपर्ने । काठमाण्डौको हकमा अनुमती उपलब्ध नगराइने ।

सुवास श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत


Email: info@kamalmun.gov.np Website: kamalmun.gov.np फोन नं. ०२३-४७५०८१